जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १६० | २०७६ साल माघ ९ गते बिहीबार (23 Jan. 2020 Thursday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : न्याय सम्पादन कार्यमा ... ३ पृष्ठमा : राष्ट्रियसभा निर्वाचन :... ३ पृष्ठमा : चीनमा कोरोना भाइरसबाट ...

# फजुल खर्च बचाएर सबलद्वारा प्रहरीलाई ज्याकेट प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

सवल नेपालले साधारण सभाको फजुल खर्च बचाएर जम्मा भएको रकमबाट दुर्घटना न्युनिकरणका लागि प्रहरीले चलाएको अभियानलाई सहयोग गर्ने उद्देश्यले ३ सय थान फ्रोसेन्ट ज्याकेट प्रदान गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुधबार आयोजित फ्रोसेन्ट ज्याकेट वितरण तथा प्रसंशा पत्र वितरण कार्यक्रममा सवल नेपालका कार्यकारी निर्देशक दिपक झाले सो सामग्री हस्तान्तरण गरेका हुन ।

सवल नेपालका कार्यकारी निर्देशक झाले दुर्घटना न्युनिकरणका लागि प्रहरीले चलाएको सचेतना अभियानमा थोरै भएपनि सहयोग गरेको बताउँदै संस्थाको हालै सम्पन्न १४ औं साधारण सभामा कुनै तामझाम नगरी बचाएको रकम करिब ८० हजार रुपैयाबाट सो सामग्री खरिद गरेको जानकारी दिए ।

रातीको समयमा सडक डियुटीका बेला प्रहरीले उक्त ज्याकेट प्रयोग गर्दा टल्किने र टाँढैबाट चालकले थाहा पाई सचेत हुने र गति नियन्त्रण गर्ने हुँदा दुर्घटनाको जोखिम पनि कम हुने कार्यकारी निर्देशक झाले विश्वास व्यक्त गरे ।

प्रहरी उपरिक्षक कृष्ण प्रसाईले उपलब्ध स्रोत साधानबाट प्रहरीले ठुलो क्षेत्रमा सुरक्षा र निगरानी गर्न समस्या भई रहेका बेला सवल नेपालले गरेको सहयोग सराहनिय रहेको बताउँदै प्राप्त सहयोग तत्कालै मातहतका सवै प्रहरी युनिटमा पठाईने जानकारी दिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुनिल खनाल र प्रहरी उपरिक्षक कृष्ण प्रसाईले संयुक्त रुपमा सो सामग्री ग्रहण गर्दै प्रहरीको दुर्घटना नियन्त्रण अभियानमा सघाएकोमा संस्था प्रति धन्यवाद र अभार व्यक्त गरे ।

सो अवसरमा लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय अभियान २०७६ लगायत नेपाल प्रहरीले संचालन गरेको हिंसा न्युनिकरण तथा अपराध रोकथामका विविध कार्यक्रममा सक्रिय सहभागिता र सहयोग गरेकोमा महिला मानव अधिकार रक्षा संजालकी अगुवा अनिता देवकोटा र मनु खनाललाई प्रहरी संगठनको तर्फबाट प्रसंशा पत्र प्रदान समेत गरिएको थियो ।

# वरिष्ठ पत्रकार भट्टराईलाई मातृशोक

**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका संस्थापक तथा पुर्व केन्द्रीय उपाध्यक्ष बरिष्ठ पत्रकार शिवहरी भट्टराईलाई मातृशोक परेको छ ।

उनका माता बाल कुमारी भट्टराईको ८८ बर्षको उमेरमा राजविराज ७ स्थित आफ्नै निवासमा बुधबार निधन भएको हो ।

यसैबीच नेपाल पत्रकार महासंघ सप्तरीले एक शोक वक्तव्य जारि गर्दै दुःखद यस घडीमा मृत आत्माको

*बाँकी अन्तिम पृष्ठमा*

# पाँच हजार घुस रकमसहित प्रहरी जवान पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ८ माघ ।**

सिरहाको सुखिपुरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान राजकुमार यादवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले घुस रकमसहित पक्राउ गरेको छ ।

प्रहरी जवान यादवलाई बुधबार बिहान पाँच हजार घुस लिएको आरोपमा अख्तियारले पक्राउ गरेको हो ।

घरायसी प्रयोजनका लागि भारतीय बजार लदनियाँबाट समान ल्याउन सहयोग गरिदिने भन्दै स्थानीयवासीसँग लिएको घुससहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवास महोत्तरीको टोलीको दाबी छ ।

यता पक्राउ परेका प्रहरी जवान यादवलाई आवश्यक अनुसन्धानका लागि अख्तियारको बर्दिवास कार्यालय लगिएको अख्तियारले जनाएको छ ।

**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**



**छिन्नमस्ता डेरी उद्योग**
**सिरहा रोड, राजविराज ७, खरसाल टोल**
**मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७**



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।**




***नोट :-*** **विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।**

# सशस्त्र प्रहरीद्वारा धार्मिक स्थलको सरसफाई



**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटरले जिल्लाको धार्मिक स्थलमा बुधबारदेखी सरसफाई अभियान संचालन गरेको छ । १९ औं सशस्त्र प्रहरी दिवसको पूर्वसंध्यामा सो सरसफाइ अभियान संचालन गरेको हो ।

*बाँकी दुई पृष्ठमा*




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

सम्पादकीय ...

## अनुगमन जरुरी

कुनै पनि विकासीय कार्य सम्पन्न भएपछि त्यसको अनुगमन आवश्यक हुन्छ । अनुगमन भन्नाले तोकिएको मापदण्ड अनुसार कार्य भए/नभएको विषयबस्तुलाई बुझिन्छ । हाल सप्तरी जिल्लामा सम्पन्न विभिन्न स्थानिय निकायका विकासीय कार्यहरुको अनुगमनको पाटो स्थानिय तहमै निहित रहेको छ । विगतमा जिल्ला विकास समितिको अगुवाईमा अनुगमन समितिले त्यस्ता विकासीय कार्यहरुको अनुगमन गर्ने गर्थे । तर, अहिले परिस्थित परिवर्तन भएपछि त्यस्ता अनुगमन कार्य अन्यौलमा परेको छ । जसकारण सम्पन्न कार्यहरु पारदर्शी हुने गरेको छैन् भने भ्रष्टाचार हुने मूल जडो पनि विकासीय कार्यमै हुने गरेको छ । विकासीय कार्यका लागि छुट्टयाइएको बजेटबाट तोकिएको मापदण्ड अनुसार कतिपय स्थानमा काम नभएको भेटिने गरिन्छ ।

कुनै पनि विकासीय कार्यका लागि सम्बन्धीत निकायले तोकेर नै बजेट निकासा तथा मापदण्ड दिने गर्दछ । तर पनि सो अनुसार काम सम्पन्न नभएपछि भ्रष्टाचार भएको विगतमा सम्पन्न विभिन्न कार्यहरुको तथ्याङ्कले दर्शाएको छ । अनुगमन नहुँदा गत आर्थिक बर्षमा जथाभावी तरिकाले सम्पन्न भएको विकासीय कामहरु ओझेलमा परेको थियो ।

यता कतिपय ठाउँमा निर्माण सामग्री थुपारिएको धेरै दिन भइसकेपनि काम शुरु नगर्दा सर्वसाधारणलाई हिंडडुल गर्न पनि समस्या उत्पन्न भएको छ । समय सकिन लागेको बेलामा हतार-हतार काम शुरु गरेपछि चलनचल्तीका सडकहरु पनि मनमानी तरिकाले तोडफोड गरिएको पाइन्छ । तसर्थ बजेट पचाउने नियतले गरिने त्यस्तो कामले जिल्ला वा नगरपालिकाको विकास कदापि हुन सक्दैन् । यसतर्फ सम्बन्धित सरोकारबालालाई ध्यान जानु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेसिलिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# न्याय सम्पादन कार्यमा दलित महिला



अमरनाथ मण्डल



रेखा देवी मण्डल खत्वे

नेपालमा आन्दोलनहरुको बलको आधारमा जनताको जनादेशको सम्मानको आधारमा परिवर्तनको अनुभुति स्वरुप प्रजातन्त्र स्थापना, गणतन्त्र स्थापना लगायत संघीयताको पदारोपणसँगै समाजमा, प्रदेशमा, राज्यमा सामाजिक न्यायकोसँगै विभेदीकरणको ठूलो ग्रहणलाई अन्त्यको लागि परिवर्तनको ठूलो भुमिका सार्थक सिद्ध भईरहेका छन् । मधेशमा उत्पीडन, विभेदीकरण तथा शोषणको आँखा हेर्ने दृष्टि कारण दलित आदीबासी, जनजाति मुस्लिमहरुले सुनिश्चित अधिकारको प्रत्याभुति नपाएको अवस्थामा प्रजातन्त्र आन्दोलन लगायत, गणतन्त्र मधेश आन्दोलनले, मधेश आन्दोलनले नयाँ किरणको आशहरुलाई व्यवहारको पटलहरुमा सार्थक सिद्ध गरिरहेका छन् । जसको प्रत्यक्ष उदाहरण राज्यमा दलित, आदीबासी, जनजातिहरुको सहभागिता न्यून मात्रामा भएतापनि सहभागिताको कारण अधिकार प्राप्तिहरुको आन्दोलनहरुले ऊर्जा पाईरहेका छन् । यसै क्रममा सप्तरी जिल्लाको सदरमुकाम राजविराज नगरपालिका वडा नं. ९ बाट निर्वाचित वडा सदस्य रेखा देवी मण्डल (खत्वे) ले वडा सदस्यमा निर्वाचित भई राजविराज नगरपालिकाको न्यायिक समितिको सदस्यमा राजविराज नगरपालिकाको निर्णय अनुसार चयन भएकी छिन् । वहाँले न्यायायिक समितिमा दुई वर्ष अवधि न्याय सन्दर्भको बिचमा बिताइसकेकी छिन् ।

राजविराज नगरपालिका वडा नं. ९ जोलहरी मलेठ बस्ने ३७ वर्षिय रेखा देवी मण्डल (खत्वे) साधारण परिवारमा जन्म लिएकी हुन् । आर्थिक स्थितिको कमजोर तथा परिवारलाई हातमुख जोर्न कठिनाई भईरहेको अवस्थामा इन्टरसम्म कठिनाईपूर्वक शिक्षा ग्रहण गरी वहाँको मेहनत लगनशिलता र व्यवहारको कारण राष्ट्रिय जनता पार्टी नेपालले वहाँलाई वडा सदस्यमा उम्मेदवार बनाए । वहाँ वडा सदस्यमा सबभन्दा बढी मत ल्याई निर्वाचित वहाँको मेहनत लगनशिलता र धैर्यताले नगरपालिकामा न्यायिक समितिको जिम्मेवारी नगरपालिका बोर्डले वहाँलाई दिए । अहिले वहाँ न्यायिक समितिको कुर्सीमा बसेर दिनहुँ अनेकौं प्रकारको झैझडा, सम्बन्ध विच्छेद, लेनदेन, जग्गा खिचौला, अपराधी घटना जस्ता मुद्दाहरु हेर्ने निर्णय गर्ने, मिलापत्र गर्ने गरेको वहाँको लगशिलतालाई सम्मानको आँखाले भोलीका शोषण गर्ने शोषकहरुले हेरिरहेका छन् । समाजमा छुवाछुतको भावना तथा ठूलो सानो जातको भावनाको बीच वहाँलाई राजविराज नगरपालिका जस्तो नगरको न्याय गर्ने अवसर पाएकोले वहाँ आफूलाई पनि सोभाग्यशाली ठान्दछ ।

जातीय विभेदको कारण मधेशमा खासगरी डोम, चमार, खत्वे, मुसहर, जातीलाई निम्न स्तरको जातीको रुपमा विभेद गर्ने गरेको अवस्थामा घरमा बस्न, पानी पिउन तथा जिउ छुने जस्ता सामाजिक अपराधिक क्रियाकलापको कारण मधेशका यी जातीहरु दिन प्रति शिक्षा, रोजगार तथा अवसरको लाभहरुबाट बञ्चित बन्दै गईरहेको थियो । राज्यमा सामाजिक विभेदीकरणको ठूलो विकराल अवस्था रहेको सन्दर्भमा प्रजातन्त्र पुर्नस्थापना तथा नयाँ नेपाल गणतन्त्रको स्थापना लगायत संघीयताको परिवेशमा मधेश आन्दोलनले मधेशका अधिकारहरुलाई सुनिश्चित गर्ने संगठित गर्ने थालिएको आन्दोलनहरुको उपज रहेको बुद्धिजिविहरुको तर्क रहेको छ । राज्यले विभेदीकरणको आँखाबाट मधेशी समुदायलाई सधैं हेर्ने गरेको सन्दर्भमा मधेशका मधेशी समुदायहरुका टाठा बाठाहरुले तल्लो जात भनेर हेप्ने, हेल्ला मानसिकताको ठुलो जवाफ दिने उदाहरणको रुपमा रेखा देवी मण्डल खत्वे रहेको छ । राज्य समाज देश, काल परिस्थिति तथा रुढीबादी परम्पराको कारणले गर्दा आर्थिक सामाजिक, शैक्षिक, प्रशासनिक क्षेत्रमा विभेदीकरणको सिकार बन्दै गईरहेको दलित, आदीबासी, जनजाति, मुस्लिमहरुको पहुँच स्थानीय तहमा मात्र नभई राज्यको समानुपातिक सिद्धान्तको आधारमा राज्यले आरक्षण र आरक्षित गरेको कारणले गर्दा दलित तथा जनजातिहरुले राज्यको हकमा र अधिकारमा आफ्नो स्थान सुनिश्चित पाएको सन्दर्भमा राज्यका राजनैतिक दलहरुले पनि दलित, आदिबासीहरुलाई आरक्षित सिट छुट्याएको छ । तर आरक्षित सिटमा पुरुष प्रधान मात्रै केन्द्रिकृत गर्ने गरेको दलित महिला, आदिबासी महिलाहरुले विरलै अवसर पाउने गरेको अवस्था देखिरहेको सन्दर्भमा स्थानीय निकाय, प्रदेश सरकार, संघीय सरकारहरुले स्थानीय तह देखि लिएर केन्द्रसम्म दलित महिला, जनजाति महिलाहरुलाई शिक्षाको अवसर समान्ताको रुपमा सरल तरिकाबाट प्रदान होस् भने मनोभावनाको मनोवृत्तिलाई अगाडी बढाउनुपर्ने अवसर दिनुपर्छ । नत्र विभेदीकरणको सिकारमा परिरहेका दलितहरुले शिक्षाको उन्नतीको लागि राज्यले दुरगामी सोचको साथ नितीगत सिद्धान्तहरुलाई अविलम्ब गरी आत्मसात गर्नुपर्ने अवसर देखिएको छ ।

रेखा देवी मण्डल सामाजिक न्यायको अनुभुति आफूबाट पाएको र समाजमा सामाजिक न्यायको अनुभुतिको लागि सधैं लडिरहने तथा आदीबासी जनजाति, दलित, पिछडिएका महिलाहरुलाई नगरपालिकाको न्यायिक समितिबाट न्यायको अनुभुति पाउनुपर्ने प्रतिज्ञाको साथ आफू कुर्सीमा बसेको वहाँको अटल विश्वास रहेको सन्दर्भमा परिवारको आर्थिक अवस्था श्रीमान्को बेरोजगारीपन तथा चलअचल सम्पत्तीको नाममा घरबास मात्र रहेको अवस्थामा आफू इन्टरसम्म शिक्षा ग्रहण गरेको र भविष्यमा अझै पढ्ने तरखरमा रहेको सहास साथ उहाँले म जस्तै अरु दलित महिलाहरु अगाडी आई शिक्षा ग्रहण गरी न्यायिक जस्तो सन्दर्भको मामलामा न्यायिकको अनुभुति दिन र दिलाउन पाउनुपर्ने आफ्नो उद्देश्य रहेको मण्डल खत्वेनीले बताउँछिन् । यस स्तम्भकारले रेखा देवी मण्डल खत्वेको साहस, मनोवृत्ति र मनोभावनालाई सम्मान गर्ने गरेको अवस्थामा वहाँ जस्तो दलित महिलाले आफ्नो मनोवृत्तिलाई कमजोर नबनाई साहसको परिचय दिएको सन्दर्भमा भविष्यमा अझै राज्य लगायत प्रदेश स्थानीय तहहरुमा दलित महिलाहरुको सुनिश्चित अवसर पाउनुपर्ने अवस्थाको सिर्जना हुनुपर्छ । जसबाट समाजमा न्यायिक परिभाषाको अनुभुति हुन्छ र समाज वर्गीकरणबाट अलग भई नयाँ परिकल्पनाको साथ विकासीय गतिविधिहरुमा सार्थक सिद्ध हुने अनुमान तथा विश्वास गर्न सकिन्छ ।

# त्रियुगा स्पोर्टस क्लब फत्तेपुर मेयर कपको सेमीफाइनलमा प्रवेश

**दैनिक समाचारदाता**
**राजविराज, ८ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित मेयरकप २०७६ फुटबल प्रतियोगिताको सेमिफानलमा त्रियुगा स्पोर्टस क्लब फत्तेपुर प्रबेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत बुधबार सम्पन्न खेलमा एफसी बेङ्गखाडी टिम महोत्तरीलाई टाईब्रेकरमा तीनका बिरुद्ध चार गोल अन्तरले पाखा लगाउँदै फत्तेपुरले सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो । सेमिफाईनलमा फत्तेपुरले एपीएफ २ नम्बर बाहिनी बर्दिबास महोत्तरीसँग खेल्ने छ ।

प्रतियोगिता अन्तर्गत बिहीवार हुने पहिलो सेमिफाइनलमा रामधुनी स्पोर्टस क्लब झुम्का सुनसरी र उत्तरबाहिनी समाजसेवा युवा क्लब बल्टीयाही सिरहाबीच हुने खेलकुद समितिका सचिव श्रवण कुमार चौधरीले जानकारी दिनुभयो ।

# भन्सार छलेका सामानहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज ८ माघ ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट भारतबाट भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको सामानहरु बरामद गरेको छ ।

प्रहरीले जिल्लाको बलानबिहुल गाउँपालिका ४ बेल्हीबाट खटिएको गस्ति टोलिले भारतबाट नेपालतर्फ भन्सार छलि साईकलमा ल्याउँदै गरेको १० हजार बराबरको जुत्ता चप्पलहरु बरामद गरेको छ ।

त्यस्तै प्रहरीले जिल्लाकै छिन्नमस्ता गाउँपालिका २ स्थित भारतबाट नेपालतर्फ साइकलमा लोड गरी १० हजार बराबरको प्लाष्टिकका कुर्सी बरामद गरेको छ ।

यसैगरि जिल्लाको तिलाठी कोईलाठी गाउँपालिका १ तिलाठीमा खटीएको चेकीङ टोलीले भन्सार छलेको कोट पाइन्टको कपडाको ६ बण्डल र लेडिज लहङगा गरी ४० हजार बराबरको कपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता तीनै स्थानबाट बरामद सामान तथा साइकललाई भन्सार कार्यालय तिलाठीमा बुझाइएको प्रहरीले जनाएको छ ।

### सशस्त्र प्रहरीद्वारा ...

राजविराजस्थित राजदेवी मन्दिर परिसरमा सरसफाई गर्दै अभियानको सुरुवात गरिएको छ । सशस्त्र प्रहरी निरिक्षक हरि बहादुर शाहीले धार्मिक स्थलहरुको सरसफाई अभियान जारी रहने बताएका छन् ।

१९ औं सशस्त्र प्रहरी दिवसको अवसरमा सृजनशिल र आम नागरिक सँगको घनिष्टता बढाउन विविध कार्यक्रम गर्न लागेको सशस्त्र प्रहरी उपरिक्षक उद्धव न्योपानेले जानकारी दिए ।

सशस्त्र प्रहरीको अभियानमा पहिलो दिन पुर्व नगर प्रमुख एवं राजदेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष शैलेश चौधरी, बरिष्ठ पत्रकार शिवहरी भट्टराई, नेपाल खेलकुद पत्रकार मंचका अध्यक्ष मनोज कुमार माझी लगायत स्थानिय दुई दर्जन भन्दा बढी व्यक्तिले सघाएका थिए ।

# राष्ट्रियसभा निर्वाचन : १८ सदस्य पूर्ति हुने

काठमाडौँ, ८ माघ (रासस) ।

राष्ट्रियसभा सदस्यको निर्वाचन मुलुकका सातै प्रदेशमा बिहीबार बिहानदेखि हुँदैछ । कुल १८ पदका लागि बिहान १० देखि अपराह्न ४ बजेसम्म हुने मतदानका लागि मतदान अधिकृत र सुरक्षाकर्मीसहितको टोली मतदानस्थलमा पुगेर मतदान केन्द्रसमेत निर्माण गरिसकेको बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जानकारी दिनुभयो ।

निर्वाचन आयोगका अनुसार मतदान हुने जिल्ला सदरमुकाममा प्रदेशसभा सदस्य तथा नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष मतदानका लागि बुधबारै साँझसम्म पुगिसक्नुहुनेछ । सातै प्रदेशको उच्च अदालत रहेका जिल्ला सदरमुकाम क्रमश : मोरङ, धनुषा, ललितपुर, कास्की, दाङ, सुर्खेत र डोटीमा निर्वाचन हुँदैछ । निर्वाचनका लागि ती जिल्लाका जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत तोकिएको छ ।

उक्त निर्वाचनमा ५५० प्रदेशसभा सदस्य तथा स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष, प्रमुख/उपप्रमुख एक हजार ५०६ समेत गरी दुई हजार ५६ मतदाता हुनुहुन्छ । निर्वाचनमा छ राजनीतिक दलका ४५ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ । प्रदेशसभा सदस्यको मतभार ४८ तथा स्थानीय तहका गाउँपालिका अध्यक्ष, उपाध्यक्ष एवं नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १८ कायम भएको छ । निर्वाचनका लागि आवश्यक सम्पूर्ण सुरक्षा व्यवस्था चुस्त तुल्याइएको आयोगले जनाएको छ ।

प्रदेशसभा सदस्यले मतदान गर्ने प्रयोजनका लागि सेतो कागजमा हरियो रङको मसीको निर्वाचन चिह्न तथा नगरपालिकाका प्रमुख र उपप्रमुख एवं गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले मतदान गर्न सेतो कागजमा रातो रङको मसीको निर्वाचन चिह्न तयार गरिएको आयोगले जनाएको छ । सम्पूर्ण मतदातालाई परिचयपत्र लिई मतदानमा सरिक हुन अनुरोध गरिएको छ ।

मतदानपछि आवश्यक व्यवस्था मिलाई मतगणना गर्न र नतिजा सार्वजनिक गर्न पनि निर्वाचन अधिकृतलाई आयोगले निर्देशन दिइसकेको छ । "निर्वाचन जति स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र सर्वस्वीकार्य हुन्छ, त्यति नै शासन व्यवस्था उत्तरदायी, पारदर्शी, जनमुखी र सदाचारयुक्त हुन्छ", आयोगले स्मरण गराएको छ ।

निर्वाचन व्यवस्थित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न/गराउने कार्यमा सहयोग पुऱ्याउन मतदाता, उम्मेदवार, राजनीतिकर्मी, निर्वाचनमा संलग्न कर्मचारीलगायत सर्वसाधारण नागरिकसँग आयोगले आग्रह गरेको छ । उनन्साठी सदस्यीय राष्ट्रियसभाका आगामी फागुन २० गते पदावधि सकिने १९ मध्ये १८ नयाँ सदस्य चयनका लागि उक्त निर्वाचन हुन लागेको हो । एक सदस्य भने सरकारको सिफारिशमा राष्ट्रपतिले मनोनयन गर्ने संवैधानिक प्रावधान छ ।

**को-कसको पूरा हुँदैछ कार्यकाल**

राष्ट्रियसभामा पहिलो दुई वर्षको कार्यकाल पूरा हुने सदस्यमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नौ, नेपाली काँग्रेसका सात, राजपाका दुई र समाजवादी पार्टीका एक सदस्य हुनुहुन्छ ।

उहाँहरुमा सरिता प्रसाईं, सुरेन्द्रराज पाण्डे, हरिचरण शिवाकोटी, रामप्रीत पासवान, विन्दादेवी आले, वृषेशचन्द्र लाल, बद्रीप्रसाद पाण्डे, बलरामप्रसाद बाँस्कोटा, मीना बुढा, मुक्ताकुमारी यादव, डा युवराज खतिवडा, युटोल तामाङ, रमेशप्रसाद यादव, राजकुमार यादव, दुर्गाप्रसाद उपाध्याय, धनकुमारी खतिवडा, कमलाकुमारी ओली, कालीबहादुर मल्ल र खेमराज नेपाली हुनुहुन्छ ।




नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**( मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा )**
नक्साल, काठमाण्डौ ।
प्रथम पटक प्रकाशित मिति :- २०७६/१०/०१ गते ।



**नयाँ भर्ना सम्बन्धी सूचना**

नेपाल प्रहरीमा **प्राविधिक समूह** अन्तर्गत विभिन्न उप-समूह तर्फ रिक्त **प्राविधिक प्रहरी जवान** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

**१. आवश्यक माग पद संख्या :-**

| क्र. सं. | विज्ञापन नं. | कार्यालय | उप-समूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ०५ (०७६/७७) | सञ्चार निर्देशनालय तर्फ | इन्जिनियरिङ | ३२९ | १२ | ५४ | ८६ | ७६ | ४० | १४ | ६११ |
| २. | ०६ (०७६/७७) | सूचना प्रविधि निर्देशनालय तर्फ | इन्जिनियरिङ | २३ | १ | ३ | ६ | ६ | ३ | १ | ४३ |
| ३. | ०७ (०७६/७७) | भौतिक पूर्वाधार निर्देशनालय तर्फ | इन्जिनियरिङ | ३४ | १ | ५ | ९ | ८ | ४ | २ | ६३ |
| ४. | ०८ (०७६/७७) | सवारी महाशाखा तर्फ | इन्जिनियरिङ | ६८ | ३ | ११ | १७ | १६ | ८ | ३ | १२६ |
| ५. | ०९ (०७६/७७) | केनाइन महाशाखा तर्फ | केनाइन (डग ह्याण्डलर) | २९ | १ | ४ | ७ | ७ | ३ | २ | ५३ |
| ६. | १० (०७६/७७) | हातहतियार मर्मत शाखा तर्फ | हातहतियार | ३ | - | - | १ | १ | १ | - | ६ |
| ७. | ११ (०७६/७७) | नेपाल प्रहरी अस्पताल तर्फ | स्वास्थ्य | १० | - | १ | ३ | ३ | १ | १ | १९ |
| ८. | १२ (०७६/७७) | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ | विधि विज्ञान | ४ | - | - | १ | १ | १ | - | ७ |
| ९. | १३ (०७६/७७) | नेपाल प्रहरी संगीत विद्यालय तर्फ | संगीत | ७८ | ३ | १२ | २० | १८ | ९ | ४ | १४४ |

**२. दरखास्त फाराम दर्ता मिति :-** २०७६/१०/०५ गते, बिहान १०:०० बजेदेखि २०७६/११/११ गते, १७:०० बजेसम्म (सार्बजनिक विदाको दिन बाहेक) ।

३. दरखास्त फारम पाइने र बुझाउने स्थान :

| क्र.स. | कार्यालयहरु | सम्पर्क नं. |
|---|---|---|
| १. | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर<br>सम्पर्क कार्यालय : राजविराज सप्तरी ।<br>जिल्ला प्रहरी कार्यालय सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा | ९८५४०९०६०० |

**४. उमेर हद/दरखास्त दस्तुर (राजश्व) :-**

| उमेरको हद | दरखास्त दस्तुर |
|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको । तर बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ । | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१५० (एक सय पचास) बुझाउनु पर्नेछ । साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.३०) का दरले थप दस्तुर लाग्ने छ । |

५. आवश्यक न्यूनतम योग्यता :

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| सञ्चार निर्देशनालय तर्फ :<br>सूचना प्रविधि निर्देशनालय तर्फ<br>सवारी महाशाखा तर्फ<br>केनाइन महाशाखा तर्फ<br>हातहतियार मर्मत शाखा तर्फ<br>नेपाल प्रहरी अस्पताल तर्फ<br>केन्द्रिय प्रहरी बिधि विज्ञान प्रयोगशाला तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तिर्ण गरेको ।<br>– SEE को ग्रेड सीटमा GPA 2 वा सो भन्दा माथी ग्रेड प्वाइन्ट हुनुपर्ने । |
| भौतिक पूर्वाधार निर्देशनालय तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरि प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् वा सो सरहको संस्थाबाट सम्बन्धित विषय (सिकर्मी, डकर्मी, पेन्टर, बिजुली, प्लम्बर र नकर्मी) मा सीप प्रमाण पत्र प्राप्त गरेको । |
| केन्द्रिय प्रहरी संगीत विद्यालय तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको |

६. **सम्पर्क मिति तथा स्थान :** २०७६/११/३० गते बिहान ११:०० बजे, दरखास्त फारम दर्ता गर्ने सम्बन्धीत प्रहरी कार्यालयहरुमा

## विश्व समाचार

# चीनमा कोरोना भाइरसबाट ४४० जना पीडित

बेइजिङ, ८ माघ (रासस/सिन्ह्वा) ।

चिनियाँ स्वास्थ्य अधिकारीले बुधबार नयाँ कोरोना भाइरस (२०१९-कोभ)का कारण सिर्जित निमोनियाबाट ४४० जना पीडित भएको घोषणा गरेका छन् । यो भाइरस मङ्गलबारसम्म चीनका १३ वटा प्रान्तमा देखिएको छ । यस नयाँ भाइरसका कारण हालसम्म नौ जनाको मृत्यु भइसकेको छ, र मृत्यु हुने सबै मध्यचीनको हुबेई प्रान्तका रहेका राष्ट्रिय स्वास्थ्य आयोगका उपनिर्देशक ली बिनले बताउनुभयो । पत्रकार सम्मेलनमा उपनिर्देशक लीले मङ्गलबार मात्र १४९ जनामा भाइरस देखिएको पुष्टी भएको जानकारी दिनुभयो ।

विदेशमा हालसम्म जापानमा एउटा घटना प्रमाणित भएको छ भने थाइल्याण्डमा तीन र दक्षिण कोरियामा एक जनामा यो भाइरसको सङ्क्रमण देखिएको छ । चिनियाँ अधिकारीले कूल दुई हजार १९७ को विशेष निगरानी गरिएको र तीमध्ये एक हजार ३९४ जनाको स्वास्थ्य परीक्षण गरिएको जनाएका छन् । स्वास्थ्य जाँच गरिएकामध्ये ७६५ जनालाई डिस्चार्ज गरिएको छ ।

उपनिर्देशक लीले यस भाइरसबाट सङ्क्रमणको घटना निकै बढेको देखिएको बताउनुभयो । उहाँले नयाँ भाइरसको परीक्षण विधि प्रयोगमा आएपछि रोगी व्यक्तिको सङ्ख्या देखिएको हुनसक्ने बताउनुभयो । विज्ञले श्वासप्रश्वासबाट यो भाइरस अर्को व्यक्तिमा सङ्क्रमण हुने बताएका छन् । आयोगले जनवरी २० देखि नै पुष्टि भएका घटनाको सङ्ख्या र सम्भावित सङ्क्रमितका बारेमा दैनिक विवरण सार्वजनिक गर्दै आएको छ । विज्ञले चिनियाँ नयाँ वर्षका अवसरमा ठूलो सङ्ख्यामा मानिसको आवतजावत हुने भएकाले यस भाइरसको सङ्क्रमणबाट सतर्क रहन आह्वान गरेका छन् ।

भाइरसको फैलावट रोक्न सरकारले कडा कदम चालेको छ । उहान तियान्हे अन्तरराष्ट्रिय विमानस्थलमा १५ वटा थर्मल डिटेक्टर जडान गरिएको छ भने शहरका तीन प्रमुख रेलवे स्टेशनमा २० थर्मल डिटेक्टर स्थापना गरिएको छ । उहाँले सार्वजनिक जमघटमा प्रतिबन्ध लगाइएको उहानतर्फका अनावश्यक प्रवेश र बाहिरिनेक्रममा कडाई गरिने बताउनुभयो

# काबुलमा आइएस लडाकूद्वारा आत्मसमर्पण

काबुल ८ माघ (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको पूर्वीक्षेत्रमा रहेको द्वन्द्वग्रस्त प्रान्त नान्गाहारमा सुरक्षा कारबाही जारी रहेको अवस्थामा इस्लामिक स्टेट्स (आइएस) समूहका केही सदस्यले आत्मसमर्पण गरेका छन् । अफगानिस्तानका सुरक्षा अधिकारीले जनाएअनुसार अफगानिस्तानको विशेष सुरक्षा बल समक्ष आइएसका कमाण्डरसमेत गरी कम्तीमा पनि १२ जनाले आत्मसमर्पण गरेका हुन् ।

ती सुरक्षा अधिकारीका अनुसार केही स्थानीय कमाण्डरसहित १२ जना लडाकूले अफगानिस्तानको राजधानी काबुलबाट दक्षिणतर्फ अवस्थित सो प्रान्तमा रहेको सेनाको एक ब्यारेकमा आएर आत्मसमर्पण गरेका हुन् । नान्गाहार प्रान्तको आचिन जिल्लामा आतङ्कवादविरुद्ध सुरक्षा बलले जारी राखेको कारबाहीको क्रममा १२ आइएस लडाकू समूहले आफूसँग रहेका शक्तिशाली हतियारसहित अफगान विशेष सेनासमक्ष आत्मसमर्पण गरेका छन् ।

अफगान सेनाद्वारा जारी विज्ञप्तिमा बाँकी आइएस सदस्यले पनि आत्मसमर्पण गर्ने तयारी गरेको सूचना सरकारलाई प्राप्त भएको उल्लेख छ । उनीहरुसमक्ष आत्मसमर्पण बाहेक अर्को कुनै विकल्प नभएको सेनाले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ । गत हप्तामात्र पनि उक्त क्षेत्रमा केही लडाकूले सुरक्षा बल समक्ष आत्मसमर्पण गरेका थिए । सो आतङ्ककारी समूहमा लागेका महिला तथा केही बालसैन्यसमेत गरी ७०० भन्दा बढीले गत हप्ता आत्मसमर्पण गरेका थिए ।

# ग्रीसमा पहिलो महिला राष्ट्रपति

एथेन्स, ८ माघ (रासस/एएफपी) ।

वातावरणीय कानून र संविधानमा विशेष दक्षता भएकी न्यायाधीश बुधबार ग्रीसको पहिलो महिला राष्ट्रपति बन्न लाग्नुभएको छ । राष्ट्रपति पदकी उम्मेदवार एकातेरिनी साकेल्लारोपोलोउले अन्तर-पार्टी समर्थन प्राप्त गरिसक्नुभएको छ । ग्रीसको विदेश नीतिमा सङ्कट बढ्दै गएको अवस्थामा उहाँको नाममा भएको सहमतिले राम्रो सङ्केत गरेको केही जानकारको भनाइ छ ।

"ग्रीसको खुलापन र भविष्यका लागि यो शुभ सङ्केत हो," प्रधानमन्त्री किरियाकोस मित्सोटाकिसले बताउनुभयो । उहाँले साकेल्लारापोलोउलाई राष्ट्रपतिमा चयन गरियोस् भन्दै बुधबारको संसद् बैठकमा पेश गर्नुभएको छ । चार दशकदेखि न्याय क्षेत्रमा सक्रिय अनुभवी ६३ वर्षीया साकेल्लारापोलोउले सन् २०१८ देखि ग्रीसको माथिल्लो प्रशासनिक अदालत (काउन्सिल अफ स्टेट)को अध्यक्षका रुपमा जिम्मेवारी सम्हालिरहनु भएको छ । यो पद सम्हाल्ने उहाँ पहिलो महिला पनि हुनुहुन्छ ।

सर्वोच्च अदालतका न्यायाधीशकी छोरी साकेल्लारापोलोउले पेरिसको सोर्बोन विश्वविद्यालयबाट स्नातकोत्तर अध्ययन गर्नुका साथै संवैधानिक र वातावरणीय कानूनमा विशेषज्ञ हुनुहुन्छ । हाल ग्रीसमा प्रोकोपिस पाभ्लोपोलोस राष्ट्रपति हुनुहुन्छ, र उहाँको पाँच वर्षको कार्यकाल आगामी मार्चमा समाप्त हुँदैछ । ग्रीसमा राष्ट्रपतिको चयन संसद्ले गर्दछ । साकेल्लारापोलोउले बुधबार हुने मतदानमा २६० भन्दा बढी मत प्राप्त गर्नु हुनेछ । मुख्य विपक्षी दलको पनि समर्थन भएका कारण उहाँको विजयी सुनिश्चित भएको हो । संसदमा राष्ट्रपति चयन हुन हाल न्यूनतम २०० मत भए पुग्छ ।

मुख्य विपक्षी वामपन्थी नेता अलेक्सिस सिप्रासले साकेल्लारापोलोउ एक "असाधारण न्यायाधीश" र मानवअधिकारको पक्षधर रहनु भएको बताउनुभयो । समाजवादी किनाल पार्टीले पनि समर्थन जनाइसकेको छ । प्रधानमन्त्री मिट्सोटाकिसले यस पटक राष्ट्रपतिका लागि महिलाको छनौट मात्र होइन कुनै दलको सदस्य नरहेको व्यक्ति पनि राष्ट्रपतिमा उम्मेदवार बन्नु भएकाले विगतको लामो परम्परा तोडिएको बताउनुभयो । विगतका राष्ट्रपति प्रायः पार्टीका वरिष्ठ व्यक्तित्व रहने गरेका थिए ।

# साउदीमा मृत्यु दण्डको सजाय पाएका उमेश स्वदेश फिर्ता

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ माघ ।**

खाडी मुलुक साउदी अरेबियामा मृत्युदण्डको सजाय पाएर १३ वर्ष जेल बिताएका धनुषाको कमला नगरपालिका ३ माचीका उमेश यादव नेपाल फर्किन सफल भएका छन् ।

उनीमाथी सन् २००६ मा पाकिस्तानी नागरिक मो. लतिफ बसिरको हत्या गरेको आरोप साउदी प्रहरीले लगाएको थियो ।

उमेशले आपसी विवादपछि भएको झडपमा बसिरको मृत्यु भएको स्वीकारेका थिए । तर अदालतले भने आर्थिक लेनदेन विवादमा सुतिरहेको अवस्थामा बसिरलाई उमेशले रड हानेर हत्या गरेको जिकिर गरे ।



बसिरका परिवारले पाकिस्तानी रकम ३० लाख 'ब्लडमनी' लिएर उमेशलाई माफी दिएका थिए । उक्त ३० लाख रुपैयाँ अभियन्ता रायले 'उमेश बचाउ अभियान'को नाममा देशविदेशबाट संकलन गरेका थिए । अभियन्ता रायले दुई पटक पाकिस्तान पुगेर मृतक बसिरका परिवारसँग उमेशलाई दिइएको सजाय माफीका लागि आग्रह गरेका थिए ।

यता मृत्युदण्डको सजायबाट जोगाउन लागिपरेका अभियन्ता सरोज रायसहितका व्यक्तिहरुले उमेशलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए ।

# तीन विगहामा लगाइएको गाँजा नष्ट

**दैनिक समाचारदाता**
**बारा, ८ माघ ।**

ईलाका प्रहरी कार्यालय र सशस्त्र प्रहरी सुरक्षा बेस निजगढको टोलीले तीन विगहामा अबैध रुपमा लगाइएको लागु औषध गाँजाका बोटहरु फडानी गरि नष्ट गरेको छ ।

संयुक्त प्रहरी टोलीले जिल्ला बारा जितपुर सिमरा उप(महानगरपालिका वडा नं. १६ टांगिया बस्तीको विभिन्न स्थानहरुमा अवैध रुपमा ऐलानी जग्गामा लगाइएको गाँजा खेती फडानी गरि आगो बाली नष्ट गरेको जनाएको छ ।

## *वरिष्ठ पत्रकार ...*

चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक सम्वेदना प्रकट गरेको छ ।

महासंघका सहसचिव चन्दनकुमार यादवद्वारा जारि वक्तव्यमा परिवारजनलाई धैर्यधारण गर्न माता राजदेबीले शक्ति प्रदान गरून्, भन्ने कामना गरिएको छ ।



हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
प्रदेश नं. २, नेपाल

visit nepal 2020

पत्र संख्या : २०७६/०७७
चलानी नं.: ११०६

मिति : २०७६/१०/०६ गते

विषय : छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै ।
हनुमाननगर कंकालिनी नगरपालिका

उपरोक्त सम्बन्धमा मुख्य मन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत मिति २०७५।१०।०१ गते पछि जन्मेका बालिकाहरुको लागि छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन हुने हुँदा तपसिलको मिति, स्थान र समयमा उल्लेखित वडाहरुको अभिभावकहरु आवश्यक कागजात सहित उपस्थित भई दिन जानकारीका लागि अनुरोध छ ।

तपसिल

| | | |
|---|---|---|
| वडा नं. १, २, ३, ४, ६, ८ | र | वडा नं. ५, ७, ९, १०, ११, १२, १३, १४ |
| मिति : २०७६।१०।११ गते | | मिति : २०७६।१०।१२ गते |
| स्थान : पोर्ताहा मा.वि. | | स्थान : नगरपालिका भवन |
| समय : बिहान १०:०० बजे | | समय : बिहान १०:०० बजे |

आवश्यक कागजातहरु :

१. छोरी/बालिकाको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
२. अभिभावक मध्ये एक/दुवै जनाको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
३. छोरीको पासपोर्ट साईजको फोटो-६ प्रति ।
४. अभिभावक/संरक्षकको पासपोर्ट साईजको फोटो-६ प्रति ।
५. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, संरक्षत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी ।
६. छोरी शिक्षा विमा र मुद्दती बचत खाताको लागि वडा कार्यालयबाट सिफारिस पत्र ।

वोधार्थ:
१. श्री इलाका प्रहरी कार्यालय, भारदह
२. श्री इलाका प्रहरी कार्यालय, हनुमाननगर

प्रमुख प्रशासकीय अधिकृत

# दश लाख बढीको किराना सामानहरु बरामद

**दैनिक समाचारदाता**
**बारा, ८ माघ ।**

बारा जिल्लाको सिम्रौनगढ नगरपालिका ७ खजानीस्थित बोर्डर एरियामा प्रहरीले भंसार छलेर भारततर्फ निकासी गर्न राखिएको १० लाख बढीको किराना सामानहरु बरामद गरेको छ ।



इलाका प्रहरी कार्यालय सिम्रौनगढ बाराबाट खटिएका प्रहरी टोलीले अवैध रुपमा नेपालबाट भंसार छली चोरी निकासी गरी भारततर्फ लैजान लुकाई छिपाई राखेको अवस्थामा १० लाख ३० हजार ५ सय २० रुँपैया बराबरको किराना सामानहरु बरामद गरेको हो ।

बरामद गरिएका किरानाका सामानहरुमा टुटपेस्ट १ सय ११ कार्टुन, फेयर एण्ड लभली ४० कार्टुन, चियापती ८ कार्टुन, छोहडा १२ बोरा, प्याज ६ बोरा, दुई वटा मोटरसाइकल बरामद गरी भंसार कार्यालय बिरगंज पर्सामा बुझाईएको प्रदेश २ प्रहरी कार्यालय जनकपुरले जनाएको छ ।


## तिलाठी चलू ! तिलाठी चलू !! तिलाठी चलू !!!

मान्यवर, सप्तरीक तिलाठी स्थित ऐतिहासीक पाठशाला प्रागंणमे करिब एक सय वर्षसँ बेसी समयसँ प्रत्येक वर्ष आयोजना होयत आवि रहल **सरस्वती पुजनोत्सव तथा वसन्त पञ्चमी मेला अहुँवर्ष माघ १६ गते सँ २१ गते (तदनुसार ३० जनवरी सँ ४ फरवरी)** धरी संचालन होमय जा रहल अछि । उक्त अबधिमे माँ शारदेक दर्शन, पुर्जा/अर्चना सँगही मेला अवलोकन हेतु सम्पुर्ण महानुभावके सादर आमन्त्रण अछि ।

**मेलाक मुख्य आकर्षण :**

➢ **माघ १९, २० आ २१ गते अन्तर्राष्ट्रिय कुश्ति दंगल**
*(दंगलमे नेपाल-तथा भारतके ६० गोटयसँ बेसी ख्याती प्राप्त महिला तथा पुरुष पहलवानके सहभागिता रहत)*

➢ **माघ १७ आ १८ गते जिल्ला स्तरीय खुला नृत्य प्रतियोगिता**
*(प्रथम पुरस्कार नगद ११ हजार, द्वितिय पुरुस्कार ५ हजार ५ सय, तृतिय पुरुस्कार ३ हजार ५ सय आ सान्तवना पुरुस्कार २ हजार ५ सय सँगहरी आकर्षक शिल्ड तथा प्रमाण पत्र)*

➢ **माघ १६ गतेसँ २१ धरि प्रत्येक राति रात्रीकालिन सांस्कृतीक कार्यक्रम**
*(नाटक मंचन सँगही मिथिला क्षेत्रक चिर परिचित एवम् लोकप्रिय गायक, नृत्यांगना, बाद्यवादक आ हास्य कलाकार लोकनिक सहभागिता रहत ।)*

**प्रार्थी**
**सरस्वती पुजनोत्सव तथा बसन्त पञ्चमी मेला आयोजक समिति**
**एवम् सम्पुर्ण तिलाठी ग्रामवासी**

## सुनौलो अवसर! सुनौलो अवसर!! सुनौलो अवसर!!!

# युनिक सिटी क्लिनिक

यहि माघ ११ गते देखि १३ गते सम्म बरिष्ट तथा दक्ष चिकित्सकहरुद्वारा निः शुल्क स्वास्थ्य शिविर हुन गइरहेको हुँदा आफ्नो बहुमुल्य स्वास्थ्यलाई ध्यानमा राखी निःशुल्क स्वास्थ्य सेवाको फाइदा उठाउनु हुन, यस ३ दिने शिविरमा सहभागी भई आफ्नो तथा परिवारको स्वास्थ्य परीक्षण गराउन बिनम्र अनुरोध गर्दछौं ।

**हाम्रो सेवाहरू यस प्रकार छन् :**

➢ निःशुल्क OPD (ओ.पी.डी.) सेवा ।
➢ सबै किसिमको स्त्री रोग एवम् बंशानुगत रोग तथा बाझोपनको उपचारका साथै उचित सल्लाह सुझाव ।
➢ विभिन्न किसिमका शल्यक्रियाहरु विशेष छुटका साथ गरिने । जस्तै ब्उउभलमष्क, पित्तथैलीको पथरी, शरिरका विभिन्न भागमा मासु बढेको, हर्निया, बाबासिर, स्तन क्यान्सर, पाठेघरको खराबी तथा क्यान्सर इत्यादि ।
➢ हाडजोर्नी तथा नसारोगको सम्पूर्ण उपचारका साथै शल्यक्रिया विशेष छुटमा गरिनेछ ।
➢ सम्पूर्ण जाँचहरुमा ५०% छुट
➢ भिडियो X-ray मा ५०% छुट
➢ CT Scan मा ५०% छुट

**नोट** : माघ महिना भरी सम्पूर्ण जाँचहरु (भिडियो X-ray तथा CT Scan समेत) मा ५०% छुट दिने छ ।

**Whole Body Check up**

| | | |
|---|---|---|
| -RBS | -CBC | RFT |
| -TFt | -LFT | -USG |
| -ECG | | |

(Total Rs.6,000,50% Rs.3,000)

**आयोजक :**
**सम्पूर्ण युनिक सिटी क्लिनिक**
**७ युनिक कलेज अफ मेडिकल साइन्स & हस्पिटल परिवार**

**स्थान :**
**युनिक सिटी क्लिनिक, राजविराज (गणेश मन्दिर नजिकै)**
**फोन नं. : ०३१-५२०७७६, ९८१३७२०५०८**
**समय : विहान १० बजे देखि ४ बजे सम्म**

## नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT






**एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।**
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
ipay remit, CITY EXPRESS Money Transfer, Best Remit Quick & Easy, PRABHU Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*